जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको (IPCC) प्रेस विज्ञप्ति

## छैठौं आँकलन प्रतिवेदन तयार गर्न जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको (IPCC) कार्य समूह २ को सम्मेलन नेपालमा हुँदै

काठमाडौं, असार २३

जलवायु परिवर्तनका कारण हुने असर, त्यसका जोखिम तथा त्यसप्रति अनुकुलन त्यसका जोखिमबारे कार्य गर्न बनेको जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको कार्य समूह २ को सम्मेलन आउँदो हप्ता काठमाडौँमा हुँदैछ। बैठकको उद्देश्य जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको छैठौं आँकलन प्रतिवेदनमा आफूले दिएका योगदानलाई अझै अघि बढाउनु रहनेछ।

असार ३० देखि साउन ३ सम्म चल्ने प्रमुख लेखकहरूको दोस्रो सभाले ६० देशबाट प्रतिवेदनका २६० भन्दा बढी लेखक तथा जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलका ब्युरो सदस्यलाई एकै ठाउँमा भेला गराउँदैछ। यस सम्मेलनलाई अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) सँगको सहकार्यमा वन तथा वतावरण मन्त्रालयले आयोजना गर्दैछ।

कार्य समूह २ की सहअधक्ष्य डेब्रा रबर्ट्स भन्छिन्, ‘काठमाडौँमा सम्मेलन गर्दा हामीलाई मानिस र प्राकृतिक संरचनाबीचको अन्तर्सम्बन्धको प्रतक्ष्य आभास हुन्छ र जलवायु परिवर्तनका कारण कसरी यी दुवै जोखिममा छन् भन्ने पनि स्मरण गराउँछ। हाम्रो प्रतिवेदनको उद्देश्य काठमाडौं जस्ता सहर तथा उच्च हिमाली पर्वतहरूलाई मौलाउन सम्भव बनाउने तथा दिगो विकासप्रति योगदान दिनसक्ने अनुकुलन कार्यकालागि विकल्पहरू पहिल्याउनु हो। हाम्रो प्रतिवेदनका केहि प्रमुख पक्षहरू तथा जलवायु परिवर्तनलाई सम्बोधन गर्नु किन आवश्यक छ भन्ने कुरा यहाँ स्पष्ट देख्न सकिन्छ।’

छैठौं आँकलन प्रतिवेदनमा कार्य समूह २ को योगदानले सरकारहरूलाई पर्यावरण तथा मानवीय संरचनाहरूमा जलवायु परिवर्तनको प्रभाव र त्यसबाट उब्जिने जोखिमबारे अद्यावधिक वैज्ञानिक ठम्याईको आँकलन उपलब्ध गराउँछ। साथै यसले यी प्रभावित संरचनाहरूको अनुकुलन गर्नसक्ने क्षमता र तिनको सीमितता र जलवायु सम्बन्धित जोखिम घटाउन र दिगो भविष्य निर्माण गर्न चाहिने विश्लेषण पनि गर्दछ।

प्रमुख लेखकहरूको दोस्रो सम्मेलन अघि नै प्रतिवेदनको मस्यौदाको अनौपचारिक पुनरावलोकन गरिसकिएको थियो । लेखकहरूले प्रतिवेदनको प्रथम चरण मस्यौदा तयार गर्ने क्रममा विभिन्न विधाका विशेषज्ञहरूको टिप्पणीलाई सम्बोधन गरिनेछ ।

कार्य समूह २ का सहअध्यक्ष हान्स अट्टो पोओर्टनर भन्छन्, 'आन्तरिक मस्यौदा र यसको विज्ञहरूद्वारा मिहिन विश्लेषणले हामीलाई आँकलनको दिशा निर्धारण गर्न मद्दत गरेकोछ । यसकै आधारमा हामीले सरकारहरूलाई पर्यावरणहरूमा तथा मानव समाजमा जलवायु परिवर्तनका कारण आउने जोखिम घटाउने, जैविक विविधता जोगाउने, गरिबि हटाउने तथा दिगो विकासलाई प्रवर्धन गर्ने उनीहरूको प्रयत्नलाई सघाउन आवश्यक विस्तृत जानकारी उपलब्ध गराउन सक्छौं ।'

विज्ञ विश्लेषणकालागि प्रथम चरण मस्यौदा २०७६ साल कार्तिक १ देखि मङ्सिर २७ गतेसम्म उपलब्ध हुनेछ । सरकार तथा विज्ञद्वारा विश्लेषणकालागि दोस्रो चरणको मस्यौदा तथा नीतिनिर्माताकालागि संक्षेप २०७७ साल साउन २३ देखि असोज १३ गतेसम्म उपलब्ध हुनेछ । २०७८ साल असोज १८ देखि २२ गतेसम्म जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलले कार्य समूह २ का योगदानबारे विचारविमर्श गर्ने योजना छ ।

२०७९ सालमा तीनै कार्य समूहका योगदान तथा विशेष प्रतिवेदनहरूलाई एकीकृत गर्ने समन्वयकारी प्रतिवेदनसहित छैठौं आँकलन चक्र समाप्त हुनेछ । विश्वका राष्ट्र पेरिस सम्झौताको मर्म अनुसार विश्वव्यापी तापमान वृद्धिलाई २ डिग्री सेल्सियसभन्दा कम राख्ने र सकेसम्म १ दशमलव ५ डिग्री सेल्सियसमै सीमित गर्ने प्रतिबद्धतातर्फ भइरहेको प्रगतिको लेखाजोखा गर्न २०८० सालमा आयोजना हुने संयुक्त राष्ट्र संघको जलवायु परिवर्तनबारे संरचना निर्माण सम्मेलनको United Nations Framework Convention on Climate Change (UNFCCC) विश्वव्यापी विश्लेषणलाई सहयोग हुनेगरि प्रकाशन गरिनेछ ।

छैठौं आँकलन प्रतिवेदनमा कार्यसमूह २ को योगदान जलवायु परिवर्तन सन् २०२१: असर, अनुकुलन तथा जोखिम बारे थप जानकारी, यसको खाका, तथा लेखकहरूबारे जानकारी www.ipcc .ch/report/sixth-assessment-report-working-group-ii मा पाउन सकिन्छ

जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको कार्य समूह २ को काठमाडौं सम्मेलनको क्रममा विविध कार्यक्रमहरू आयोजना गर्दैछ जसमा संचारकर्मीहरू आमन्त्रित छन् ।

**<u>मिडिया संवाद</u>**

*सोमबार, असार ३० गते, बिहान ८ देखि ८:३० सम्म*

होटल याक एण्ड यती, रिजेन्सी हल, दरबार मार्ग

**वक्ता**

- **महेश्वर ढकाल**, *सहसचिव, वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तनबारे अन्तरसरकारीप्यानल फोकल पोइन्ट*
- **थेल्मा क्रुग**, *जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानल सहअध्यक्ष*
- **डेभिड मोल्डन**, *महानिर्देशक, अन्तर्राष्ट्रिय एकीकृत पर्वत विकास केन्द्र (इसिमोड)*
- **हान्स अट्टो पोओर्टनर**, *जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानल, कार्यसमूह २ सहअध्यक्ष*
- **डेब्रा रबर्ट्स**, *जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानल, कार्यसमूह २ सहअध्यक्ष*

होटेल याक एण्ड यती, रिगल हलमा सोमबार, असार ३० गते, बिहान ९ देखि १० बजे हुने सम्मेलन उद्घाटन समारोहमापनि संचारकर्मीहरूलाई आमन्त्रित गरिन्छ ।

थप जानकारी वा आग्रहकालागि कृपया जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानललाई तलका ठेगानामा सम्पर्क गर्नुहोलाः

**<u>सम्पर्क समारोह (outreach event)</u>**

मङ्गलबार, साउन १, साँझ ६:३० देखि ८:०० बजे

होटेल याक एण्ड यती, रिगल हल २, दरबार मार्ग, काठमाडौं

**वक्ता**

- **क्यारोलिना एड्लर**, *प्रमुख लेखक, अध्याय १७: जोखिम व्यवस्थापनकालागि निर्णय निर्माण, पर्वतीय अध्ययन पहल, बर्न विश्वविद्यालय*
- **थेल्मा क्रुग**, *जलवायु परिवर्तनबारे अन्तरसरकारीप्यानल सहअध्यक्ष*

- **अरोमार रेवि**, *संयोजक प्रमुख लेखक, अध्याय १८: जलवायुका प्रभाव खेप्न सक्षम विकासपथहरू, मानव आवादीबारे भारतीय संस्था*
- **हान्स अट्टो पोओर्टनर**, *जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानल, कार्यसमूह २ सहअध्यक्ष*
- **एकलव्य शर्मा**, *उप-महानिर्देशक, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)*

**थप जानकारीकालागि सम्पर्क** :


**जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानल कार्यसमूह २ प्राविधिक सहयोग इकाई**
माइके लिकोलाई (२८ असारदेखि ६ साउनसम्म काठमाडौँमा)
e-mail: maike.nicolai@ipcc-wg2.awi.de

**जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानल प्रेस अफिस**
जनाथन लिन्  +41 22 730 8066 or Werani Zabula, +41 22 730 8120
e-mail: ipcc-media@wmo.int

**अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड),**
माक्सिम श्रेष्ठ, +977 01 5275222 Ext 115,
e-mail: maxim.shrestha@icimod .org


यस सम्मेलनबारे समजिक संजालकालागि ह्याशट्याग #IPCCinNepal

**सम्पादकहरूकालागि थप जानकारी**

**जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलबारे**

जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलले नियमितरूपमा जलवायु परिवर्तन, त्यसका असर तथा सम्भावित जोखिम र अनुकुलन र व्यवस्थापनकालागि वैज्ञानिक आधार उपलब्ध गराउँछ ।

विश्व मौसमविज्ञान संघ तथा संयुक्त राष्ट्र संघको वातावरण कार्यक्रमद्वारा स्थापना गरिएको जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको उद्देश्य सरकारहरूका हरेक तहलाई जलवायुसम्बन्धि नीति विकास गर्न मद्दत हुने वैज्ञानिक जानकारी उपलब्ध गराउँछ ।यसका प्रतिवेदनहरू जलवायु परिवर्तनबारे अन्तर्राष्ट्रिय सम्झौताका महत्वपूर्ण अंश हुनेगर्छन् ।

जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानल संयुक्त राष्ट्र संघ वा विश्व मौसमविज्ञान संघका सदस्य राष्ट्रहरूको संस्था हो ।यसमा हाल १९५ सदस्य छन् । यसको काममा विश्वभरिका हजारौं व्यक्तिको योगदान रहन्छ । आंकलन प्रतिवेदन तयार गर्न यससँग आबद्ध स्वयंसेवक वैज्ञानिकहरूले विश्वभरिमा वर्षेनी छापिने हजारौं वैज्ञानिक लेखहरूको विश्लेषण गर्दै जलवायु परिवर्तन दर वृद्धि गर्ने तत्व, तीनका असर र सम्भावित जोखिम, र अनुकुलन तथा व्यवस्थापनमार्फत् त्यस्ता जोखिम कसरी घटाउन सकिन्छ भन्नेबारे अहिले ज्ञात सूचनाको गहन संक्षेप तयार गर्छन् ।

निश्चित लक्ष्य निर्धारण गर्न तथा पूर्ण आँकलन गर्न र दृष्टिकोण तथा विज्ञतामा विविधता सुनिश्चित गर्नकानिम्ती विश्वभरिका सरकारहरू तथा विज्ञहरूद्वारा खुला र पारदर्शी पुनरावलोकन हुनु जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको कार्यविधिको अपरिहार्य पक्ष हो । यसका आँकलनहरूमार्फत् जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलले विभिन्न क्षेत्रमा वैज्ञानिक ऐक्यमत कत्तिको बलियो छ भन्ने पहिचान गर्छ र कहाँ अतिरिक्त अध्ययन अनुसन्धान आवश्यक छ भन्ने निर्क्यौल गर्छ । यसले आफैं अध्ययन अनुसन्धान भने गर्दैन ।

जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानल तीन कार्यसमूह तथा एक कार्यदलमा विभाजित छ । कार्यसमूह १ ले जलवायु परिवर्तनको भौतिक विज्ञानका आधारमा काम गर्छ । कार्यसमूह २ ले जलवायु परिवर्तनका असर, अनुकुलन तथा जोखिमबारे काम गर्छ भने कार्यसमूह ३ ले जलवायु परिवर्तन व्यवस्थापनमा काम गर्छ । राष्ट्रिय ग्रीनहाउस ग्यास पहलबारे कार्यदलको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा हुने ग्रीनहाउस ग्यास उत्सर्जन तथा

विस्थापन (emissions and removals) बारे गणना र प्रतिवेदन लेखन प्रक्रिया विकास तथा सुधार गर्नु हो ।

कार्यसमूह तथा कार्यदलका साथै प्यानलले समयसमयमा अमूक प्रश्नलाई सम्बोधन गर्न अन्य कार्य टोली पनि स्थापना गर्न सक्छ । सन् २०१८ को मार्चमा पेरिसमा आयोजना भएको जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको ४७ औं सत्रमा जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलभित्र लैङ्गिक समता सुधार गर्न तथा अन्य लैङ्गिक मुद्दालाई सम्बोधन गर्न गठन भएको कार्य टोली यसकै उदाहरण हो ।

**छैठौं आँकलन चक्रमा**

सन् २०१५ को फेब्रुअरीमा आयोजित ४१ औं सत्रमा जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलले छैठौं आँकलन प्रतिवेदन तयार गर्ने निर्णय गरेकोथियो । सन् २०१५ को अक्टोबरमा आयोजित ४२ औं सत्रमा यसले छैठौं आँकलन चक्रमा यो तथा अन्य विशेष प्रतिवेदनमाथि हुने काम सुपरिवेक्षण गर्न एक नयाँ ब्युरो गठन गरेका थियो । सन् २०१६ को अप्रिलमा आयोजित ४३ औं सत्रमा यसले ३ विशेष प्रतिवेदन, १ कार्यविधि प्रतिवेदन तथा छैठौं आँकलन चक्र प्रकाशन गर्ने निर्णय गरेको थियो ।

यी विशेष प्रतिवेदनमध्ये पहिलो *'१ दशमलब ५ डिग्री सेल्सियसको विश्व तापमान'* सन् २०१८ को अक्टोबरमा प्रकाशन गरिएको थियो ।

*सन् २००६ को राष्ट्रिय ग्रीनहाउस ग्याँस उत्सर्जन निर्देशनमाथि सन् २०१९ का सुधार* शिर्षकको कार्यविधि प्रतिवेदन सन् २०१९ को मे महिनामा प्रकाशन भयो ।

*जलवायु परिवर्तन तथा जमिन* शिर्षकको विशेष प्रतिवेदन सन् २०१९ को अगस्टमा तथा *परिवर्तनशील जलवायुमा महासागर तथा क्रायोस्फेर* शिर्षकको विशेष प्रतिवेदन सन् २०१९ को सेप्टेम्बरमा प्रकाशन हुनेछ ।

सन् २०२१ मा तीनै कार्य समूहका योगदानको अन्तिम खाका तयार हुनेछ तथा सन् २०२२ मा विशेष प्रतिवेदनहरूलाई एकीकृत गर्ने समन्वयकारी प्रतिवेदनको प्रकाशन सहित छैठौं आँकलन चक्र समाप्त हुनेछ ।

अतिरिक्त जानकारीकालागि जलवायु परिवर्तनबारे अन्तरसरकारी प्यानलको वेबसाइट हेर्नुहास्: www.ipcc.ch